November 5th, 2026 Thursday

सुरुमा यस बुलेटिनका प्रमुख समाचार:

१. प्रधानमन्त्री नरेन्द्र मोदीले एसियाली पारा खेलकुद २०२६ मा सहभागी भारतीय टोलीसँग गर्नुभयो अन्तरक्रिया

२. भारतको परम्परागत समझले प्रकृतिको सम्मान र प्राकृतिक स्रोतसाधनको जिम्मेवार प्रयोगमा सदैव जोड दिएको उपराष्ट्रपति सी.पी. राधाकृष्णनको भनाइ

३. निर्वाचन आयोगद्वारा चार राज्य र दुई केन्द्र शासित प्रदेशहरूमा मतदाता सूचीहरूको विशेष सारांश संशोधनको घोषणा

४. अनि युवा ओलम्पिक खेलकुदमा तन्वी पत्री महिला ब्याडमिन्टनको फाइनलमा पुगेर इतिहास रच्न सफल

1. PM – Asian Para Team

प्रधानमन्त्री नरेन्द्र मोदीले जापानमा सम्पन्न एसियाली प्यारालिम्पिक खेलकुदमा भारतीय खेलाडीहरूको उत्कृष्ट प्रदर्शनले खेलकुदको दुनियाँमा भारतको प्रमुख शक्तिको रूपमा उदय भएको बताउनुभएको छ। नयाँ दिल्लीमा भारतीय टोलीलाई सम्बोधन गर्दै श्री मोदीले खेलाडीहरूले पदक मात्र जितेका छैनन् लाखौं देशवासीको मन पनि जितेको बताउनुभयो। उहाँले थप भन्नुभयो,

सोही क्रममा खेलकुद मन्त्री मनसुख मण्डावियाले प्रधानमन्त्रीको व्यापक दृष्टिकोणका कारण भारत खेलकुदको क्षेत्रमा प्रगति गरिरहेको बताउनुभयो। उहाँले २०१४ मा भारतले पारा खेलकुदमा केवल तीन स्वर्ण पदक जितेको तर २०२६ मा ३० स्वर्ण पदक जितेको उल्लेख गर्नुभयो। श्री मण्डावियाले आज देशमा सामान्य खेलाडी र पारा खेलाडीलाई समान दर्जा दिइँदैछ र दुवैले समान अवसर र सुविधा पाइरहेका छन्। उल्लेख्य, जापानमा सम्पन्न एसियाली पारा खेलकुदमा, भारतले अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गर्दै ३० स्वर्ण, ३५ रजत र ४९ कांस्य सहित कुल ११४ पदक जितेको थियो।

2. VC - BRE Conference

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भारतको परम्परागत समझले प्रकृतिको सम्मान र प्राकृतिक स्रोतसाधनको जिम्मेवार प्रयोगमा सदैव जोड दिएको बताउनुभएको छ। आज नयाँ दिल्लीमा भारत नवीकरणीय ऊर्जा सम्मेलनको समापन सत्रमा बोल्दै उपराष्ट्रपतिले भन्नुभयो, दिगो विकास देशको प्राचीन परम्परामा आधारित छ र अब आधुनिक विज्ञान र प्रविधि मार्फत यसलाई अझ मजबूत बनाइँदैछ। सम्मेलनमा विभिन्न देशका ८०० भन्दा बढी अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले भाग लिएका थिए।

3.Shah- Haryana

गृहमन्त्री अमित शाहले आज हरियाणाको अम्बालामा १८५७ को स्वतन्त्रता संग्रामका बहादुर शहीदहरूको सम्झनामा निर्माण गरिएको स्मारकको उद्घाटन गर्नुभयो। ८०० करोड रुपैयाँको लागतमा लगभग २२ एकड क्षेत्रफलमा निर्मित यस स्मारकमा १८५७ को स्वतन्त्रता संग्रामसँग सम्बन्धित ७०० भन्दा बढी नायकहरूको नाम सुनौलो अक्षरमा कुँदिएको छ। स्मारकले आधुनिक प्रविधि मार्फत स्वतन्त्रता संग्रामको गाथालाई जीवन्त बनाउँछ।

4. ECI – SSR

निर्वाचन आयोगले अरुणाचल प्रदेश, चण्डीगढ, दादरा र नगर हवेली र दमन र दीव, मिजोरम, ओडिशा र सिक्किममा मतदाता सूचीहरूको विशेष सारांश संशोधन घोषणा गरेको छ। यसको लागि योग्यता मिति जनवरी १, २०२७ तोकिएको छ। आयोगका अनुसार, एकीकृत मस्यौदा मतदाता सूची नोभेम्बर ३० मा प्रकाशित हुनेछ। नोभेम्बर ३० देखि डिसेम्बर ३० सम्म दावी र आपत्तिहरू दर्ता गर्न सकिने। दावी र आपत्तिहरूको समाधान जनवरी १८ सम्ममा सम्पन्न हुनेछ। अन्तिम मतदाता सूची जनवरी २१, २०२७ मा प्रकाशित हुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

Gong

ताजा समाचार जान्न हाम्रो आधिकारिक X handle @ AIR news underscore Gangtok र facebook page आकाशवाणी news Gangtok लाई follow गर्न नबिर्सनुहोस्।

Gong

अब बाँकी समाचार

5. Jaishankar – Guyana

भारतले गुयानामा सडक, स्वास्थ्य र रक्षा परियोजनाहरूका लागि ५०० मिलियन डलरको ऋणको घोषणा गरेको छ। विदेशमन्त्री डा. एस. जयशंकरले एन्टिगुवा र बारबुडामा गुयानाका राष्ट्रपति मोहम्मद इरफान अलीसँगको भेटमा यो घोषणा गर्नुभएको हो। प्रस्तुत छ, एक रिपोर्ट –

Byte…. Guyana

6. Gadkari – UP Road Projects

केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले उत्तर प्रदेशमा ५ लाख करोड रुपैयाँ बराबरको सडक परियोजना पूरा गर्ने लक्ष्य राखिएको बताउनुभएको छ। यी मध्ये १ लाख करोड रुपैयाँ बराबरको परियोजना पूरा भइसकेको छ, १ लाख करोड रुपैयाँ बराबरको परियोजनामा काम भइरहेको छ भने ३ लाख करोड रुपैयाँ बराबरको परियोजना प्रस्ताव गरिएको छ।

7. SC - UGC - Centre

केन्द्र सरकारले उच्च शिक्षा संस्थाहरूको लागि विश्वविद्यालय अनुदान आयोग (UGC) समानता नियमावली २०२६ को समीक्षा गर्न विशेष समिति गठन गरिरहेको जानकारी सर्वोच्च अदालतलाई गराएको छ। अदालतले सबै विद्यार्थीहरूको हितको रक्षा गर्नुपर्ने बताएको छ।

8. Nepal - PM

विदेश सचिव विक्रम मिश्रीले आज काठमाडौंमा नेपालका प्रधानमन्त्री बालेन्द्र शाहसँग भेटवार्ता गर्नुभयो। भेटवार्ताका क्रममा दुवै पक्षबीच आपसी हितका विभिन्न मुद्दाहरू र पारस्परिक सहयोगलाई बढाउने विषयमा छलफल भएका थिए। छलफल विशेषतः प्रधानमन्त्री बालेन्द्र शाहको आगामी भारत भ्रमणमा केन्द्रित थियो।

9. India – Italy Textile

भारत र इटालीले व्यापार, लगानी, प्रविधि आदानप्रदान र दिगो उत्पादनमा विशेष ध्यान केन्द्रित गर्दै कपडा क्षेत्रमा सहयोगलाई सुदृढ पार्ने अवसरहरूबारे छलफल गरेका छन्। वस्त्र मन्त्रालयको भारतीय प्रतिनिधिमण्डलले हिजो इटालीको प्रमुख वस्त्र उत्पादन केन्द्र प्राटोको भ्रमण गरेको थियो।

10. Punjab Police

पञ्जाब प्रहरीले अवैध हतियार, विस्फोटक पदार्थ र लागूऔषधको तस्करीमा संलग्न सञ्जालको पर्दाफास गरेको छ र १६ जनालाई पक्राउ गरेको छ। । यो कारबाही अमृतसर ग्रामीण प्रहरीले गरेको हो।

12. Sports News

अब खेल समाचारः **क्रिस्टियानो रोनाल्डोले** अन्तर्राष्ट्रिय फुटबलबाट सन्यासको घोषणा गरेका छन्। ४१ वर्षीय रोनाल्डोले आज सामाजिक सञ्जालमा एक पोस्ट गर्दै यस्तो घोषणा गरेका हुन्। यससँगै उनको अन्तर्राष्ट्रिय करियरको अन्त्य भएको छ।

युवा ब्याडमिन्टन खेलाडी तन्वी पत्रीले सेनेगलको डाकारमा भएको युवा ओलम्पिक खेलकुदमा महिला एकलको फाइनलमा पुगेर इतिहास रचेकी छिन्। यो उपलब्धि हासिल गर्ने उनी पहिलो भारतीय बनेकी छिन्। तन्वीले आज फाइनलमा चीनकी यी जिन झाङको सामना गर्नेछिन्। भारत र जापानबीच आज मोहालीमा ९ औं हिरो **एसियाली हक्की च्याम्पियनसिपको** फाइनल खेल खेलिंदैछ। खेल साँझ ७ बजे सुरु हुने बताइएको छ। **फुटबलमा**, ढाकास्थित राष्ट्रिय रंगशालामा आज भएको साफ च्याम्पियनसिपको समूह 'बी' अन्तर्गतको खेलमा सात्विक विजेता भारतले पाकिस्तानलाई ३-२ गोलले पराजित गरेको छ।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटक

१. प्रधानमन्त्री नरेन्द्र मोदीले एसियाली पारा खेलकुद २०२६ मा सहभागी भारतीय टोलीसँग गर्नुभयो अन्तरक्रिया

२. भारतको परम्परागत समझले प्रकृतिको सम्मान र प्राकृतिक स्रोतसाधनको जिम्मेवार प्रयोगमा सदैव जोड दिएको उपराष्ट्रपति सी.पी. राधाकृष्णनको भनाइ

३. निर्वाचन आयोगद्वारा चार राज्य र दुई केन्द्र शासित प्रदेशहरूमा मतदाता सूचीहरूको विशेष सारांश संशोधनको घोषणा

४. अनि युवा ओलम्पिक खेलकुदमा तन्वी पत्री महिला ब्याडमिन्टनको फाइनलमा पुगेर इतिहास रच्न सफल